# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. ४४२

मिति: २०८०/०९/१६

**विषय: विवरण उपलब्ध गराई दिन हुन।**

श्री वडा कार्यालय(१-२९) सबै,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालयको (बागमती प्रदेश, हेटौडा) को च.न. ४५४, मिति:२०८०/०८/०८ को पत्र अनुसार यस भरतपुर महानगरपालिकामा एकीकृत आवास कार्यक्रम अन्तर्गत चालु आ.ब.२०८०/०८१ मा गरिब विपन्न, सिमान्तकृत जाति र समुदायलाई सर्वसुलभ आवास उपलब्ध गराउने कार्य अन्तर्गत **चेपाङ, बनकरिया, माझी र बोटे समुदायलाई सुरक्षित, किफायती र** वातावरणमैत्री आवासको व्यवस्थापन गर्न यस भ.म.न.पा. मा उक्त समुदायको बसोबास भएको भए हाल सम्म कतैबाट सुबिधा नलिएका परिवार मध्येबाट **"चेपाङ, बनकरिया, माझी र बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम सम्बन्धी कार्यविधि,** २०८० को दफा ३ को उपदफा १ बमोजिमको कागजातहरु सहित उक्त समुदायहरुको विवरण पत्र प्राप्त भएको मितिले ७ दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

तपसिल:

(क) विगत देखि सो स्थानमा बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफू विगतदेखि सो स्थानमा बसोबास गरी आएको भन्ने स्थानीय तहको सिफारिस,

(ग) बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको कागजात,

(घ) लाभग्राही बसोवास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित स्थानीय तहले लक्षित लाभग्राही वर्गभित्र परेको भनी गरेको सिफारिस ।

९/१६

.............................
ई. सन्तोष आचार्य
महाशाखा प्रमुख
शहरी पुर्वाधार विकास महाशाखा

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)